# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

पत्रसंख्या (Ref. No.) २०८२/०८३
सू.न.(Notice No.)

सूचना प्रकाशन मितिः २०८२/१२/१९

**विषयः रोजगारदाताको सूचीमा दर्ता तथा अध्यावधिक लागि सूचीकरण हुने सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना ।**

जो जस संग सम्बन्धित छ ,
उत्तरगया गाउँपालिका, रसुवा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं १०६ मिति २०८२/१२/१८ गते पत्रानुसार आवश्यक विवरण माग भएको र उक्त माग बमोजिमको आवश्यक विवरण संकलनका लागि यस कार्यालयबाट समेत मिति २०८२/०४/०५ गते रोजगारदाताको सूचीमा दर्ता हुनका लागि सूचना जारी गरिएको हाल सम्म पनि कुनै रोजगारदाता सूचीकृत हुन नआउनु भएको व्यहोरा जानकारी गराउँदै रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १३, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ (दोस्रो संशोधन) को नियम ९ र एकीकृत श्रम तथा रोजगार सेवा संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०को दफा ६ बमोजिम रोजगारदाताहरुको सूची दर्ता एवंम् अद्यावधिक गर्नुपर्ने भएकाले यस गाउँपालिका अन्तर्गतका सरकारी तथा गैर सरकारी, निजी क्षेत्रका रोजगारदाताहरुले तपसिलका आवश्यक सम्पूर्ण विवरणहरु खुलाई मिति २०८२/१२/२४ गते भित्र यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगारदाताको सूचीमा दर्ता हुन सम्पूर्ण रोजगारदाताहरुलाई पुनः यो दोस्रो पटकको सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः-

| क्र.स. | रोजगारदाताको नाम | रोजगारदाताको ठेगाना | सम्पर्क नं | हाल रोजगारीमा आवद्ध रहेको संख्या | आवश्यक जनशक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नोटः रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा २(झ) अनुसार "रोजगारदाता" भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।